13 th Edition

# पञ्चवर्षीय रणनीतिक योजना
# FIVE YEARS STRATEGIC PLAN

२०६६/०६७ – २०७०/०७१

(2009 - 2014)





## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौँ

फोन : ४२५६७०१, ४२५७६२८, फ्याक्स : ४२५०२४६

इमेल : info@nwc.gov.np, वेभसाइट : www.nwc.gov.np

# पञ्चवर्षीय रणनीतिक योजना

# FIVE YEARS STRATEGIC PLAN

२०६६/०६७ – २०७०/०७१

(2009 - 2014)

**राष्ट्रिय महिला आयोग, नेपाल**

भद्रकालीप्लाजा, काठमाडौं

फोन नं. : ९७७-१-४२५६७०१, ४२५७६२८, फ्याक्स : ४२५०२४६

इमेल : E-mail : info@nwc.gov.np

वेब : www.nwc.gov.np

# Acknowledgement

National Women Commission has been working for the rights of women, the most deprived section of the society, from its inception. The Commission has developed and adopted the five year strategic planning in 2009 for the effective implementation of National Women Commission Act 2063 and its Regulation 2065. During the planning process, the core values/guiding principles of National Women Commission were observed. Now the summery of the planning is in your hand.

Without the involvement of a number of people with different expertise, this important document could not have been possible. Thus commission would like to extend its sincere thanks to all who were directly or indirectly involved in this Strategic Planning process and publishing this booklet.

In this planning process Ms. Saloni Singh provided her expertise as a chief facilitator. Commission would like to extend its sincere thanks for her contribution in this regard. Mrs Amuda Shrestha, member and Mr. Ritu Raj Bhandari, the Act. Secretary of the Commission deserves the special thanks for their tired less efforts to make success of this entire process. Similarly Commission would like to show its gratitude to UNIFEM-Nepal for its financial and technical support for the entire planning process and booklet publication.

We hope this plan document will be helpful for those who are interested to know the strategic planning of the Commission. We always look forward your healthy comments and suggestions.

Sincerely,

**National Women Commission**

# विषयसूची


| शीर्षक | पेज |
|---|---|
| पुष्ठभूमि | १ |
| लैङ्गिक समानता | १ |
| सामाजिक समता/समावेशीकरण | १ |
| विविधता | २ |
| सहभागीता | २ |
| स्वतन्त्रता र स्वायत्तता | २ |
| समाहितता | २ |
| पहुँच | २ |
| जवाफदेहिता | ३ |
| दूरदृष्टि | ३ |
| ध्येय | ३ |
| लक्ष्य | ३ |
| उद्देश्यहरू | ३ |
| कार्यान्वयन ढाँचा | १४ |
| अपेक्षा | १५ |

# राष्ट्रिय महिला आयोग, नेपाल

## पञ्चवर्षीय रणनीतिक योजना

२०६६/०६७–०७०/०७१ (२००९–२०१४)

### पृष्ठभूमि :

९२ औं अन्तर्राष्ट्रिय महिला दिवसको पूर्व सन्ध्या २०५८ चैत्र २३ गते (७ मार्च, २००२) का दिन स्थापित राष्ट्रिय महिला आयोग महिलाहरुको हकहितका लागि आफ्नो घोषित नीति तथा कार्यक्रम अनुरुप क्रियाशील रहँदै आएको छ । आयोगको स्थापनाका शुरुका वर्षहरु राजनीतिक अस्थिरता र अस्पष्ट सरकारी नीतिका कारण केही अलमलमा रहेको भएता पनि लोकतन्त्र स्थापना पछि गरिएको संवैधानिक व्यवस्थाले यसको संस्थागत क्रियाशीलताका लागि मद्दत पुऱ्याएको छ । आयोगको कामलाई अझ बढी परिणाममुखी बनाउनुका साथै राष्ट्रिय महिला आयोग ऐन २०६३ र नियमावली २०६५ को प्रभावकारी कार्यान्वयनका लागि छुट्टै रणनीतिक योजना तर्जुमा गर्न आवश्यक देखिएको हुँदा ऐनको दफा ११ मा उल्लेखित काम, कर्तव्य र अधिकारको आधारमा पहिलो पञ्च वर्षीय (२०६६/०६७–०७०/७१) रणनीतिक योजना तयार गरिएको छ ।

रणनीतिक योजना तर्जुमा गर्दा आयोगले निम्न प्रमुख मान्यताहरु/निर्देशक सिद्धान्तहरुलाई आत्मसात गरेको छ ।

### लैङ्गिक समानता (Gender Equality)

जैवीकरुपमा भिन्न महिला र पुरुष मानवका रुपमा, समान छन । सबै मानिसहरु (महिला तथा पुरुष) विना भेदभाव औपचारिक रुपमा मात्र होईन कि परिणाममा समेत समान स्तर, अधिकार तथा जिम्मेवारीका हकदार छन् । राष्ट्रिय महिला आयोग, लैङ्गिक समानताको उद्देश्य प्राप्त गर्न महिलाहरुको मानव अधिकारको संवर्द्धन, संरक्षण र स्थापनाका निमित्त लागि पर्नेछ ।

### सामाजिक समता/समावेशीकरण (Social equity and inclusiveness)

समाजिक तथा संरचनागत असमानतालाई सम्बोधन गर्नका लागि सामाजिक समता र न्यायपूर्ण, गुणस्तरीय जीवनको अधिकारको रणनीतिका रुपमा सामाजिक समता परिचित छ । सामाजिक तथा लैङ्गिक समानता हासिल गर्ने प्रक्रियाका लागि सामाजिक समावेशीकरण एउटा माध्यम हो । सामाजिक, सांस्कृतिक र लैङ्गिकतामा आधारित भेदभावहरुको उन्मूलन गर्नु राष्ट्रिय महिला आयोगको एउटा मुख्य उद्देश्य रहेको सन्दर्भमा यसले आफ्ना सबै गतिविधिहरुमा समान अवसर तथा सहभागिताको संस्कृतिलाई प्रवर्द्धन गर्दछ । साथै यसले विद्यमान विभेदलाई कम गराउनका लागि सबै संघसंस्थाहरु र राज्यका निकायहरुमा सकारात्मक क्रियाशीलता वा सकारात्मक विभेदका निम्ति अधिवाचन पनि सञ्चालन गर्दछ ।

## विविधता (Diversity)

भाषा, धर्म, संस्कृति, रहन सहन, भेषभूषा, जातजाती साथै भौगोलिक र हावापानी आदि विविध आधारमा नेपाल विविधतायुक्त राष्ट्र रहेको यथार्थलाई महिला आयोगले आत्मसात गरेको छ । यस सिद्धान्तले लैङ्गिक, जातीय, वर्गीय, भाषिक, धार्मिक, शारीरिक क्षमता, भौगोलिक विकटता, सीमान्तकृत, अल्पसंख्यक आदि सबैलाई समेट्छ । सोही अनुरुप राष्ट्रिय महिला आयोगले आफ्ना नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियामा जवाफदेहीता अवलम्बन गर्नेछ ।

## सहभागिता (Participation)

विकास तथा निर्णयका सबै प्रक्रियाहरुमा पुरुष तथा महिलाहरुको समानुपातिक तथा लैङ्गिक समतामूलक सहभागिता हुनु पर्दछ भन्ने आयोगको आधारभूत मान्यता रहेको छ । त्यसैले आयोग सबै स्तर र क्षेत्रमा महिलाहरुको सहभागिताको सन्दर्भमा जनसंख्याको सामानुपातिक प्रतिनिधित्वको प्रवर्द्धन र कार्यान्वयनका लागि क्रियाशील रहने छ ।

## स्वतन्त्रता र स्वायत्तता (Independence and autonomy)

राष्ट्रिय महिला आयोगको संलग्नता रहने क्षेत्रहरु तथा सबै पक्षहरुमा आफ्नो स्वाधिनता र स्वायत्तता हाँसिल गर्न र कायम राख्न प्रतिवद्ध रहने छ ।

## समाहितता (Integrity)

राष्ट्रिय महिला आयोग सबै महिलाहरु र विशेषतः सीमान्तकृत तथा सुविधाविहिन महिलाहरुको हितमा काम गर्न प्रतिवद्ध रहने छ ।

त्यसैले आफ्नो कामको समाहितता (integrity) लाई हरेक गतिविधि तथा कार्यक्रमहरुमा एउटा महत्वपूर्ण आदर्श तथा सिद्धान्तका रुपमा लिँदै आयोग, लैङ्गिक समानता र महिलाहरुको मानव अधिकार प्रवर्द्धनका निम्ति काम गर्दछ ।

## पहुँच (Access)

राष्ट्रिय महिला आयोग आफ्ना सेवाहरुमा सबै महिलाहरु विशेषतः सुविधाविहिन, सीमान्तकृत र कठिन तथा जोखिम अवस्थामा रहेका महिलाहरुको सहज तथा समान पहुँच पुऱ्याउने कुरालाई सुनिश्चितता प्रदान गर्दछ । महिलाहरुको पहुँचलाई स्थापित गराउनका लागि उनीहरुलाई मीतव्ययी ढंगले पायक पर्ने ठाँउ, तथा सहज सूचना उपलब्ध गराउन आयोगले सबै सम्भाव्य प्रक्रियाहरु अपनाउने छ । त्यसैले देशभरी हुने महिलाहरुको मानव अधिकार हनन्का घटनाहरुमा अनुसन्धान तथा अनुगमन गर्नका लागि महिला आयोगले व्यापक जनजागरण अभियानहरु सञ्चालन गरेर आफ्नो उपस्थितिलाई कायम गर्ने छ ।

## जवाफदेहिता (Accountability)

राष्ट्रिय महिला आयोग देशका सबै नागरिकहरु र विशेषरुपमा देशका सबै महिलाहरु प्रति जवाफदेही रहन प्रतिवद्ध रहेको छ । आफ्नो जवाफदेहितालाई पुष्टि गर्नका लागि महिला आयोगले आफ्नो आवधिक प्रतिवेदन तयार गर्ने छ र व्यापक रुपमा आफ्ना सरोकारवालाहरु माझ वितरण गर्ने छ । आफ्नो विश्वसनीयता, स्वाधिनता र सफलता आफ्नो क्षेत्राधिकार अनुरुपको कार्यसम्पादन र जिम्मेवारी वहनमा गर्ने कुरामा आयोग सजग छ र यसमा गहिरो विश्वास राख्दछ ।

**माथि उल्लेखित मान्यता र सिद्धान्तहरुको आधारमा आयोगको पञ्चवर्षीय रणनीतिक योजना निम्न वमोजिम रहेको छ ।**

## दूरदृष्टि (vision)

प्रत्येक महिलाले पूर्णरुपमा मानव अधिकार, सामाजिक न्याय, स्वतन्त्र पहिचान, सम्मान र स्वाभिमानको उपभोग गर्न पाउने लैङ्गिक समानता सहितको समाज निर्माण गर्ने ।

## ध्येय (mission)

लैङ्गिक समानता तथा समताको संस्कृतिमा आधारित विकास प्रक्रियालाई सवल र सुदृढ बनाउनका निम्ति सबै महिलाहरुको समान अवसर, समानुपातिक प्रतिनिधित्व, समान अधिकार, र न्यायमा पहुँच तथा सुरक्षाको सुनिश्चितता गर्ने ।

## लक्ष्य (goals)

लैङ्गिकतामा आधारित सबै प्रकारका भेदभाव तथा हिंसाको उन्मूलनमा योगदान पुऱ्याउनका निम्ति समान पहुँच, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी ढाँचाको कार्यान्वयन र राज्यका सबै स्तर र क्षेत्रमा महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको सुनिश्चितता प्रदान गर्ने ।

## उद्देश्यहरु (objectives)

**१. राज्यका सबै क्षेत्र तथा तहमा महिलाहरुको समानुपातिक तथा समावेशी सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।**

***रणनीतिक हस्तक्षेपका क्षेत्रहरु***

***१.१ राज्यका सबै क्षेत्र तथा तहमा महिलाहरुको समानुपातिक तथा सामाजिक समावेशी सहभागिताको सुनिश्चितताका लागि अधिवाचन तथा दवाव सिर्जना गर्ने,***

**क्रियाकलापहरु**

१.१.१ विद्यमान सम्बद्ध नीतिहरुको अनुसन्धान गरी सरोकारका पक्षहरुलाई राय, सुझाव दिने साथै सार्वजनिक, निजी तथा व्यापारिक क्षेत्रमा महिलाहरुको समानुपातिक सहभागिता र समावेशीकरणका निम्ति प्रभावकारी कार्यान्वयनमा सुनिश्चितता प्रदान गर्ने ।

१.१.२ महिलाहरुको अर्थपूर्ण प्रतिनिधित्व र सहभागिताको सुनिश्चितताका निम्ति सकारात्मक कार्य नीतिहरुको विकास गर्ने र सरोकारका पक्षहरुलाई नीतिगत सुझावहरु तयार गर्ने ।

१.१.३ हरेक मन्त्रालय तथा राज्यका अन्य संरचनाका योजना महाशाखाहरुसँग नियमित रुपमा बैठक,अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने ।

१.१.४ स्थानीय सरकार तथा राज्यका सबै तहमा नीतिहरुको कार्यान्वयनको सुनिश्चितताका लागि अनुगमन तथा पैरवी गर्ने ।

१.१.५ सामाजिक तथा आर्थिक रुपमा पछाडि पारिएका क्षेत्रहरु तथा महिलाहरुका लागि निर्धारित कार्यक्रमहरुको कार्यान्वयनका लागि पैरवी गर्ने ।

१.१.६ महिला अधिकार उल्लधनका घटनाहरुको अनुसन्धान, प्रमाण संकलन तथा घटना र सिकाईहरुको अभिलेखन सहित सूचना प्रणालीको विकास गर्न पहल गर्ने ।

१.१.७ कानुन कार्यान्वयनका निकायहरु (प्रहरी, महान्यायधिवक्ता, न्यायलय, प्रमुख जिल्ला अधिकारी र स्थानीय निकायहरु) मा कानुन कार्यान्वयनको तत्परताका लागि अधिवाचन गर्ने ।

१.१.८ केन्द्र देखि स्थानीय निकाय सम्म उजुरीहरुलाई लिने, तिनको सुनवाई गर्ने र मुद्दा परेका घटनाहरुमा अनुसन्धान गर्ने (आवश्यकता अनुसार हस्तक्षेप/अधिवाचन र सुझावहरु दिने) निकायको स्थापना गर्न पहल गर्ने ।

१.१.९ अनुगमन संयन्त्र तथा सोका आधारको विकास गर्ने तथा केन्द्र देखि स्थानीय स्तरसम्म अनुगमन क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि मानव श्रोतको क्षमता अभिवृद्धि गराउने ।

### *१.२ महिला आयोगबाट दिएका सुझावहरुलाई नेपाल सरकारले कार्यान्वियन गरेको कुराको सुनिश्चितता गर्ने ।*

**क्रियाकलापहरु,**

१.२.१ महिला आयोगले सरकार समक्ष पेश गरेका सुझावहरु, नीतिगत निर्देशहरु र निर्देशिकाहरुको कार्यान्वयनका निम्ति व्यवस्थित अनुगमन संयन्त्रको विकास गर्ने ।

१.२.२ महिला विरुद्धका हिंसा सम्बन्धि अनुसन्धान तथा अनुगमनका निम्ति पीडितहरुलाई ध्यानमा राखी मानव अधिकारका क्षेत्रमा विशेषतः महिला अधिकार र लैङ्गिक अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरुसँग निकटमा रहेर काम गर्ने ।

१.२.३ सम्बन्धित पक्षबाट कार्यान्वयनमा उदासिनता देखाइएका सिफारिसहरु समेटी प्रतिवेदन प्रकाशन गर्ने ।

## २. न्यायमा पहुँच, कानुनी शासन, लैङ्गिक समानता र शान्तिको संस्कृतिको सुदृढीकरण गर्ने

***रणनीतिक हस्तक्षेपका क्षेत्रहरु***

### *२.१ लैङ्गिक विभेदकारी कानुनहरुको सुधार र संसोधन तथा तिनको प्रभावकारी कार्यान्वियनका निम्ति पैरवी गर्ने ।*

**क्रियाकलापहरु,**

२.१.१ अघिल्ला अध्ययनहरुको पुनरावलोकन गर्दै विद्यमान कानुन तथा नीतिहरुमा कायम रहेका विभेदकारी प्रावधानहरुको सम्बन्धमा थप अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायमा सुझावहरु प्रस्तुत गर्ने ।

२.१.२ सरकारी, नागरिक समाजका संस्थाहरु र निजी क्षेत्रसँग संयुक्तरुपमा संबन्धित कानुनहरुको कार्यान्वयनमा देखिएका चुनौतीहरु/कमीहरुको खोजी तथा अभिलेखिकरण गर्दै आवश्यक परिमार्जनकालागि नेपाल सरकारलाई सुझावहरु उपलब्ध गराउने ।

२.१.३ भविष्यमा मस्यौदा गरिने कुनै पनि कानुनहरु लैङ्गिक दृष्टिले विभेद रहित बनाउनका लागि न्याय तथा कानुन मन्त्रालय र कानुन आयोगका निम्नि आधार तथा सूचकाङ्कहरुको विकास गर्ने ।

२.१.४ लैङ्गिक संवेदनशील कानुन निर्माणका लागि नीति निर्माताहरु, कानुनवेत्ताहरु, सभासदहरु तथा स्थानीय राजनीतिकर्मीहरुबीच अधिवाचन तथा दवाव सिर्जना गर्ने ।

२.१.५ कानुनी दस्तावेजमा सबैको पहुँच बढाउन कानुनहरुलाई सरलीकरण गरेर प्रकाशन तथा वितरण गर्न सम्बन्धित निकायहरुसँग संयुक्त रुपमा काम गर्ने । साथै महिला विरुद्धका हिंसा विरुद्धमा सुन्य सहिष्णुताको नीति विकास तथा कार्यान्वयनका लागि नेपाल सरकारसँग अधिवाचन गर्ने ।

## *२.२ दीगो शान्तिनिर्माण प्रक्रियामा योगदान पुऱ्याउने (सिड, युएनएससिआर १३२५/१८२०)*

**क्रियाकलापहरु**

२.२.१ सबै स्तर र क्षेत्रहरुमा महिला अधिकार महासन्धि (सिड) र राष्ट्रसंघीय सुरक्षा परिषद प्रस्ताव नं. १३२५/१८२० को व्यापक, स्पष्ट र गहन सचेतना अभिवृद्धिका लागि क्रियाशील रहने ।

२.२.२ महिला अधिकार महासन्धि (सिड) र राष्ट्रसंघीय सुरक्षा परिषद प्रस्ताव नं. १३२५/१८२० को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनाको तर्जुमाका निम्ति अधिवाचन गर्ने

२.२.३ शान्ति तथा पुनर्निमाण मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाली सेना र नेपाल प्रहरी लगायत सम्बन्धित अन्य निकायहरु सँग कार्ययोजना तथा अन्तर्राष्ट्रिय दस्तावेजहरुको कार्यान्वयनका निम्ति अधिवाचन गर्ने ।

२.२.४ कार्ययोजनाको कार्यान्वयनको अवस्थाको नियमित अनुगमन गर्ने ।

२.२.५ दण्डहीनताको अन्त्यका लागि राष्ट्रसंघीय निकायहरु, गैससहरु, नागरिक समाज र सत्य निरुपण तथा मेलमिलाप समितिसँग संयुक्त रुपमा अधिवाचन सहित सहकार्य गर्ने ।

२.२.६ द्वन्द्वकाल तथा यसपछिको समयमा महिला विरुद्ध भएका हरेक प्रकारका हिंसा (यौन हिंसा समेत) का सम्बन्धमा तथ्यांक संकलन गर्नका निम्ति संयन्त्रको स्थापना गर्न पहल गर्ने ।

२.२.७ महिला अधिकार महासन्धि (सिड) र राष्ट्रसंघीय सुरक्षा परिषद प्रस्ताव नं. १३२५/१८२० लाई स्थानीय भाषामा सरलीकरण गरी प्रकाशन तथा वितरण गर्ने । प्रकाशित भैसकेका सामग्रीहरुको प्रभावकारिता तथा व्यापक वितरण सम्बन्धमा अनुगमन गर्ने ।

२.२.८ महिला माथि हुने हिंसा विरुद्धका अन्तर्राष्ट्रिय दस्तावेजहरुको कार्यान्वयन सम्बन्धी अध्ययनहरुलाई निरन्तरता दिने ।

## ३. महिला विरुद्ध हुने हिंसाको अन्त्यका लागि योगदान पुऱ्याउने ।

***रणनीतिक हस्तक्षेपका क्षेत्रहरु***

### *३.१ महिला माथि हुने हिंसा विरुद्धका दस्तावेजहरुको कार्यन्वयनको अनुगमन ।*

**क्रियाकलापहरु**

३.१.१ राष्ट्रिय कार्य योजनाहरु (बेइजिङ्ग कार्ययोजना, महिला अधिकार महासन्धि (सिड) कार्ययोजना, सहश्राव्दी विकास कार्ययोजना र मानव बेचबिखन विरुद्धको कार्ययोजना इत्यादि) को पुनरावलोकन तथा अध्यावधिक अध्ययन गर्ने ।

३.१.२ महिला विरुद्ध हुने हिंसा सम्बन्धमा अनुगमन सूचंकाङ्कहरु तथा प्रक्रियाको विकास गर्दै तिनको प्रयोग गर्ने र यस सम्बन्धमा सम्बन्धित संघसंस्थाहरुलाई जानकारी गराउने ।

३.१.३ महिला माथि हुने हिंसा विरुद्धका सयन्त्रहरुको अनुगमन तथा यसका प्रगति, चुनौती तथा कमीहरुको पुनरावलोकन प्रतिवेदन, प्रकाशन तथा वितरण गर्ने ।

३.१.४ उजुरी तथा प्रतिवेदनहरुको सुनवाई हुने संरचनाको स्थापना गर्ने र उजुरी परेका घटनाहरुमा अनुसन्धान गर्न पहल गर्ने (आवश्यकता अनुसार हस्तक्षेप/अधिवाचन र सुझावहरु उपलब्ध गराउने) ।

३.१.५ अनुगमनका आधार तथा संरचना विकास गरी यसको प्रभावकारिताका लागि मानव श्रोतको विकास गर्ने ।

### *३.२ महिला विरुद्ध हुने हिंसा सम्बन्धमा अनुगमन तथा अनुसन्धान संयन्त्रको पुनरावलोकन तथा सशक्तिकरण गर्ने ।*

**क्रियाकलापहरु**

३.२.१ महिला विरुद्ध हुने हिंसाका घटनाहरु समाधान गर्नका लागि निर्देशिका/प्रक्रियाहरुको विकास गर्ने ।

३.२.२ कानुनी सहयोगकालागि समितिहरुको निर्माण गर्न र सोको विस्तारका लागि सघाउँदै सामुदायिक मेलमिलाप पद्धतिहरुलाई प्रभावकारी बनाउने ।

३.२.३ महिला विरुद्ध हुने हिंसाका घटनाहरुको अनुगमन तथा अनुसन्धानका निम्ति सिर्जनशील तथा व्यवहारिक प्रक्रिया तथा संरचनाहरुको विकास गर्ने ।

३.२.४ महिला अधिकार सम्बन्धि अभिलेख साथै प्रमाणमा आधारित तथ्यांक र सूचना पद्धतिको विकास गर्ने ।

३.२.५ राष्ट्रिय महिला आयोगमा प्रभावकारी अनुगमन समूहको गठन गर्ने र यसलाई आवश्यक सीप, ज्ञान तथा उपकरणहरुले सुव्यवस्थित गर्ने ।

### ३.३ *महिला माथि हुने हिंसा विरुद्ध जुझ्नका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालको विकास गर्ने*

**क्रियाकलापहरु**

३.३.१ महिला माथि हुने हिंसा विरुद्धमा काम गर्नका लागि नागरिक समाजका संघसंस्थाहरु बीचमा स्थायी प्रकृतिको सञ्जालको विकास गर्ने ।

३.३.२ केन्द्र देखि स्थानीय स्तरसम्म राष्ट्रिय महिला आयोगका निम्ति नियमित अनुगमन तथा प्रतिवेदन इकाइका रुपमा काम गर्ने संरचनाको विकास गर्ने ।

३.३.३ महिला विरुद्ध हुने हिंसा विरुद्ध काम गर्नका लागि सिफारिस सेवाहरु उपलब्ध गराउने ।

३.३.४ क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा रहेका महिला आयोग तथा संघसंस्थाहरुसँग रणनीतिक गठबन्धनहरु र सम्बन्धहरुको विकास तथा सुदृढिकरण गर्ने ।

३.३.५ सूचनाको आदान प्रदान, तालिम, अध्ययन भ्रमण तथा सद्भाव भ्रमणको आदानप्रदान गर्ने ।

## ४. शासनमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने सन्दर्भमा योगदान पुऱ्याउने

***रणनीतिक हस्तक्षेपका क्षेत्रहरु,***

### *४.१ लैङ्गिक समानताको दृष्टिकोणबाट संविधान लेखन सम्बन्धमा संविधान सभाका सदस्यहरुसँग अधिवाचन गर्ने ।*

**क्रियाकलापहरु**

४.१.१ संविधानमा लैङ्गिक मूलप्रवाहीकरण र अन्य सान्दर्भिक विषयहरुमा जानकारी, छलफल तथा अध्यावधिक गर्नका लागि संविधान सभाका सभासदहरुसँग नियमित बैठकहरुको आयोजना गर्ने ।

४.१.२ लैगिकमुद्धाहरुलाई प्रकाशमा ल्याउने, नेपाल सरकारलाई दवाव सिर्जना गर्ने लगायत जनतालाई सुसुचित गराउने र जनमत सिर्जना गर्ने सन्दर्भमा सञ्चार माध्यमसँग सहकार्य गर्ने ।

४.१.३ क्षेत्रगत मन्त्रालयहरुमा लैङ्गिक मूलप्रवाहीकरण गर्न अधिवाचन गर्ने ।

## ***४.२ शासनका हरेक क्षेत्र तथा तहहरुमा लैङ्गिक मूलप्रवाहीकरण कार्यान्वियनका निम्ति सुझावहरु प्रस्तुत गर्ने ।***

**क्रियाकलापहरु**

४.२.१ नेपाल सरकारका कार्यक्रमहरुमा लैङ्गिक दृष्टिकोणबाट योजना, बजेट, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन प्रक्रियालाई सुधार गर्नका लागि अधिवाचन तथा सहजीकरण गर्ने ।

४.२.२ अर्थ मन्त्रालयले तर्जुमा गर्ने बजेट (लैङ्गिक उत्तरदायी बजेट) तथा नेपाल सरकारका मन्त्रालयहरु, स्थानीय निकायहरु र अन्यको योजना तर्जुमा प्रक्रियामा लैङ्गिक दृष्टिकोण अपनाउनका लागि सहजीकरण गर्ने ।

४.२.३ सबै तहहरुमा लैङ्गिक लेखाजोखा गर्ने संयन्त्रको स्थापना गर्न र सुदृढीकरण गर्न पहल गर्ने ।

## ***४.३ लैङ्गिक मूलप्रवाहीकरणको संस्कृतिको अधिवाचन तथा प्रवर्द्धनका निम्ति सरोकारवालाहरुसँग रणनीतिक सहकार्यको विकास गर्ने ।***

**क्रियाकलापहरु,**

४.३.१ विकासमा सवै तह र पक्षमा लैङ्गिक मूलप्रवाहीकरण प्रकृयालाई दीगो वनाउन विभिन्न क्षेत्र तथा तहहरुमा तालिम तथा पाठ्यक्रम विकासका लागि दक्ष तथा अनुभवी संघसंस्थाहरुको पहिचान गरी सहकार्य गर्ने ।

४.३.२ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, सैनिक प्रशिक्षण प्रतिष्ठान, प्रहरी प्रशिक्षण प्रतिष्ठान, न्यायसेवामा कार्यरतहरुकालागि प्रशिक्षण केन्द्र जस्ता राष्ट्रिय प्रतिष्ठानहरुले प्रदान गर्ने प्रशिक्षणमा लैङ्गिक संवेदनशीलताको दृष्टिकोणबाट सञ्चालन गर्न पाठ्यक्रम पुनरावलोकन गरी सोही अनुरुप कार्यान्वयन गर्नका लागि अधिवाचन गर्ने ।

४.३.३ लैङ्गिक मूलप्रवाहीकरणको संस्कृति विकासका निम्ति दातृसंस्थाहरु, स्थानीय निकायहरु र गैससहरुसँग सहकार्यको गर्ने ।

४.३.४ लैङ्गिक मूलप्रवाहीकरणको विषयमा सहकार्य गर्नका लागि अन्य राष्ट्रिय आयोगहरुसँग रणनीतिक गठबन्धनको विकास गर्ने ।

## ५. राष्ट्रिय महिला आयोगलाई स्वतन्त्र तथा स्वायत्त निकायका रुपमा संस्थागत गरि शसक्त तथा क्षमतावान बनाउने

*रणनीतिक हस्तक्षेपका क्षेत्रहरु*

### *५.१ राष्ट्रिय महिला आयोगलाई संबैधानिक निकाय बनाउनका लागि अधिवाचन गर्ने ।*

**क्रियाकलापहरु**

५.१.१ राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायका रुपमा स्थापित गर्नका लागि संविधान सभाका सदस्यहरु, अन्तर पार्टी महिला सञ्जाल, संविधान सभामा प्रतिनिधित्व गर्ने महिला सभासदहरुको समूह आदिसँग अधिवाचन गर्ने ।

५.१.२ राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायका रुपमा विकास गराउन अधिवाचनका निम्ति सरोकारवालाहरु बीच सञ्जाल विकास गर्ने तथा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति नियमित अनुगमन गर्ने ।

### *५.२ संस्थागत क्षमता विकासका प्रयत्नहरु*

**क्रियाकलापहरु**

५.२.१ विद्यमान संस्थागत संरचना (मानवीय श्रोत तथा भौतिक श्रोत दुवै) को पुनरावलोकन, पुनर्विचार तथा सुधार गर्दै संस्थागत विकास प्रक्रियालाई अगाडि बढाउने ।

५.२.२ आयोगको संगठन संरचनालाई यसको मुख्य जिम्मेवारी अनुरुप पुनरावलोकन गरी सुधार गर्ने ।

५.२.३ अनुगमन, अनुसन्धान, सूचना (उत्पादन) अभिलेखीकरण, प्रकाशन तथा वितरणमा मानव अधिकारमुखी दृष्टिकोण अपनाउनका लागि संस्थाको क्षमता विकास गर्ने ।

### *५.३ राष्ट्रव्यापी पहुँचलाई विस्तार गर्ने*

**क्रियाकलापहरु**

५.३.१ राष्ट्रिय महिला आयोगको वाह्य पहुँचलाई स्थानीय स्तरसम्म विस्तार गर्नका लागि रणनीतिक गठबन्धन तथा सञ्जालहरुलाई परिचालन गर्ने ।

५.३.२ राष्ट्रिय महिला आयोगमा महिला अधिकार सम्बन्धमा सुनवाई, अनुसन्धान तथा अनुगमन संयन्त्रको विकास तथा सुदृढीकरण गर्दै यसलाई क्रियाशील बनाउने ।

### *५.४ विभिन्न निकायहरु तथा सरोकारवालाहरुसँग रणनीतिक सहकार्यको विस्तार तथा विकास गर्ने*

**क्रियाकलापहरु**

५.४.१ स्थानीय निकायहरु, महिला अधिकारका क्षेत्रका कार्यरत देशभरीका नागरिक समाजका संघसंस्थाहरुसँग (स्थानीय, क्षेत्रीय, जिल्ला तथा राष्ट्रिय स्तरमा) सञ्जाल विकास तथा सुदृढ गर्ने ।

५.४.२ सञ्जालहरुको संस्थागत क्षमतालाई सुदृढ पार्ने ।

५.४.३ सञ्जाल सदस्यहरुसँग नियमित सहकार्यहरु सञ्चालन गर्नुका साथै तिनीहरुलाई महिला अधिकार अनुगमनकर्ताको सम्बन्धी स्थानीय प्रवक्ताका रुपमा परिचालन गर्ने ।

५.४.४ संस्थागत विकास कार्यक्रमका निम्ति राष्ट्रिय सरोकारवालाहरुको गठबन्धन (विशेषतः लैङ्गिक मूलप्रवाहीकरण एजेण्डा भएका राष्ट्रसंघीय निकायहरु, दुई पक्षीय दातृसंस्थाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु) लाई परिचालित गर्ने ।

५.४.५ सहकार्य तथा समन्वयलाई सुदृढ गर्नका लागि विश्वव्यापी रुपमा प्रभावकारी सञ्जाल तथा गठबन्धनलाई प्राथमिकता दिने ।

### ***५.५ आयोगको दीगोपना, सुदृढीकरण, र महिला अधिकारको संरक्षण तथा संस्थाको प्रभावकारितालाई संस्थागत गर्ने ।***

**क्रियाकलापहरु**

५.५.१ आयोगको आफ्नै कर्मचारीको व्यवस्थाको लागि पहल गर्ने

५.५.२ पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा संस्थाको सुदृढिकरणको लागि संयुक्त राष्ट्र संघीय निकाय तथा अन्य दाताहरुसँग प्राविधिक तथा वित्तिय सहयोगका लागि द्वीपक्षिय, बहुपक्षीय संझौता र सहकार्यको लागि पहल गर्ने

## ६. लैङ्गिक समानतासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरु तथा दस्तावेजहरुको कार्यान्वयनको अनुगमन गर्ने ।

*रणनीतिक हस्तक्षेपका क्षेत्रहरु*

### ६.१ *लैङ्गिक समानतासँग सम्बन्धित नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरुको कार्यान्वयनका लागि अधिवाचन गर्ने ।*

**क्रियाकलापहरु**

६.१.१ नेपालले अनुमोदन गरेका लैङ्गिक समानतासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरुको अवस्थाका बारेमा अध्ययन गर्ने ।

६.१.२ विभिन्न राष्ट्रसंघीय निकायहरु र नेपाल सरकार विशेषतः सम्बन्धित मन्त्रालयहरु तथा विभागहरुसँग सहकार्य गर्ने ।

६.१.३ अन्तर्राष्ट्रिय दस्तावेजहरुमा गरिएका प्रतिवद्धताहरु हाँसिल गर्नका लागि नेपाल सरकारले गरेका प्रयासहरुको अनुगमन गर्ने ।

६.१.४ नेपाल सरकारका लैङ्गिक सम्पर्क एकाईहरु बीचको सञ्जाललाई सुदृढ बनाउने ।

६.१.५ आवधिक रुपमा कार्यान्वयनको प्रगति पुनरावलोकनका लागि सरकारी पद्धतीभित्र स्थायी संयन्त्रको स्थापना गर्नकालागि नेपाल सरकार समक्ष अधिवाचन तथा सहजीकरण गर्ने ।

६.१.६ नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय दस्तावेजहरुको स्थितिका बारेमा वार्षिक प्रतिवेदन प्रकाशन गर्नका लागि नेपाल सरकार समक्ष अधिवाचन, सहजीकरण र प्रोत्साहन गर्ने ।

६.१.७ मानव अधिकार, सिमान्तकृतता, सामाजिक समावेशीकरण, अल्संख्यक, पिछडा आदि जस्ता साझा सवालहरुमा सहकार्य गर्नका लागि अन्य राष्ट्रिय आयोगहरुसँग सक्रिय सम्बन्ध विकास गर्ने ।

### ६.२ *अन्तर्राष्ट्रिय सन्धिहरु सापेक्ष राष्ट्रिय कानुनहरु निर्माणका लागि अधिवाचन गर्ने ।*

**क्रियाकलापहरु**

६.२.१ विद्यमान कानुनहरुको पुनरावलोकन गर्ने तथा अन्तराष्ट्रिय दस्तावेज अनुरुप पूरा गर्नुपर्ने दायित्वको सम्बन्धमा सिफारिस गर्ने ।

६.२.२ नेपालको संविधान तथा नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धिहरु अनुरुप कानुनहरु परिमार्जन गर्नका लागि अधिवाचन गर्ने ।

६.२.३ अन्तर्राष्ट्रिय सन्धिहरुका प्रावधानहरुलाई राष्ट्रिय कानुन तथा नीतिहरुमा समाविष्ट गराउन तथा नेपाल सरकारलाई सुझाव दिनका लागि व्यवहारिक संयन्त्रहरुको विकास गर्ने ।

**कार्यान्वयन ढाँचाहरु**

१. रणनीतिक योजनामा आधारित रहेर विस्तृत गतिविधि सहितको वार्षिक कार्ययोजना, (निर्णयहरु, बजेट र उपलब्धी, समयावधी आदि) तर्जुमा गरी कार्यान्वयन गर्ने ।

२. आयोगको पहुच अन्य क्षेत्रमा पुऱ्याउनका लागि सरकार र अन्य सम्बन्धीत निकायहरुसँग सहकार्य गर्ने ।

३. आवश्यक स्रोतका लागि सरकारी वजेट तथा आवश्यकता अनुरुप अन्य अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने ।

४. लैङ्गिक विश्लेषण, लेखाजोखा र अनुगमनका लागि लैङ्गिक उत्तरदायी सूचना पद्धतीको विकास गर्ने ।

५. लैङ्गिक समानता र समताको सवाललाई प्रवर्द्धन तथा अधिवाचनका लागि सञ्चार जगतसँग व्यवसायीक तथा प्रभावकारी सम्बन्ध विकास गर्ने ।

६. राज्यका अन्य आयोगहरु, मन्त्रालयहरु, स्थानीय निकायहरु तथा महिलाका सवालमा कार्यरत नागरिक समाजका संघसंस्थाहरुसँग महिला आन्दोलनको सुदृढिकरणको लागि सहकार्य गर्ने ।

७. नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरु, दुईपक्षीय तथा बहुपक्षीय दातृनिकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरु र नेपाल सरकार जस्ता विविध सरोकारवालाहरुसँग रणनीतिक गठबन्धन गर्दै सहकार्य गर्ने ।

८. हरेक गतिविधिहरु तथा कार्यक्रमहरुमा अधिकारमुखी दृष्टिकोण तथा परिणाममुखी व्यवस्थापन पद्धती अपनाउने ।

९. सरल तथा निर्वाद पहुँच, उजुरीको उचित सुनवाइ तथा अनुगमनका आवश्यक गतिविधिहरुको सुनिश्चितता गर्ने ।

१०. लैङ्गिक समानता र महिलाहरुको मानव अधिकारको स्थितिको नियमित तथा प्रभावकारी अनुगमन गर्न स्थायी संयन्त्रको व्यवस्था गर्ने ।

### कार्यान्वयनका लागि अपेक्षित अवस्था

माथि उल्लेखित रणनीतिक योजनाको पूर्ण कार्यान्वयनको लागि निम्न स्थितिको विद्यमानता अपेक्षित छ ।

१. महिलाहरुको मानव अधिकार तथा लैङ्गिक समानताको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न राज्य प्रतिवद्ध छ ।

२. महिला अधिकारकर्मीहरुलाई आफ्ना काम गर्नका लागि समुचित तथा सुरक्षित वातावरण उपलब्ध छ ।

३. संविधानमा लैङ्गिक समानताका सरोकारहरुलाई समावेश गराउनका लागि राजनीतिक दलहरु प्रतिवद्ध छन् ।

४. राजनीतिक पार्टीहरुले आफ्ना पार्टी भित्र तोकिएको लैङ्गिक समानता मापदण्ड र लैङ्गिक मूलप्रवाहीकरणलाई अवलम्बन गरेका छन् ।

५. प्रमुख सरोकारवालाहरुसँग गरिने सहकार्य, समन्वय र सहयोगी गतिविधिहरुमा विस्तार भएको छ ।

६. सरकारबाट यथेष्ट स्रोतको विनियोजन र अन्य स्रोत समेत परिचालन भएको छ ।

७. नेपाल सरकारले महिला आयोगले दिएका सुझावहरुलाई समयमा नै कार्यान्वयन गरिरहेको छ ।

८. रणनीतिक योजनालाई लागू गराउनका लागि महिला आयोगसँग पर्याप्त क्षमता विकास भएको छ ।

९. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महिला अभियानहरु महिला आयोगसँग समन्वय र सहकार्यको स्थितिमा रहेका छन् ।

१०. नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्न प्रतिवद्ध छ ।